नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

☎०२७-५२३५५५,५२३१२५, ५२३९८८ ℻०२७-५२०१८८

कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८३/०८४
च.नं.

मितिः २०८३/०६/१६
नेपाल सम्बत् ११४६

**<u>मेची राजमार्गको राजदुवाली सडक खण्डमा थप दुई दिन सवारी आवागमन बन्द हुने सम्बन्धी</u>**

# जरुरी सूचना

मेची राजमार्ग अन्तरगत राजदुवाली सडक खण्डमा पहिरो नियन्त्रणको लागि Dewatering Well को निर्माण कार्य गर्ने मिति २०८३ साल असोज **१५ र १६** गते सवारी आवागमन पूर्ण रुपमा बन्द गर्ने गरी यस कार्यालयबाट मिति २०८३/०६/१३ मा सूचना प्रकाशित भएकोमा हाल उक्त निर्माण कार्य गर्ने क्रममा राजदुवाली सडक खण्डमा रहेको पहिरोको जटिलता एवम् निरन्तर बगिरहेको पानीका कारण थप पहिरो गइरहेको हुँदा आशातीत प्रगति हासिल हुन नसकेकोले निर्धारित अवधीभित्र सोचे अनुरुपको सम्पूर्ण निर्माण कार्य सम्पन्न हुन नसक्ने परिस्थिति सिर्जना भई उक्त निर्माण कार्य सम्मपन्न गर्न थप २ (दुई) दिन राजमार्ग पूर्ण रुपमा बन्द गर्नको लागि सडक डिभिजन इलामको च. न. ५०८ मिति २०८३/०६/१६ गतेको पत्रबाट अनुरोध भई आएकोहुँदा उक्त सडक खण्ड मिति **<u>२०८३ साल असोज १७ र १८ गते</u>** पूर्ण रुपमा बन्द हुने र सो अवधिमा साना सवारी साधन (छ चक्के ट्रक समेत) सिमलगोलाई-तिल्केनी सडक प्रयोग गर्ने र ठूला सार्वजनिक सवारी साधनहरु मेची कोरिडोर प्रयोग गर्ने गरी यो सूचना गरिएको व्यहोरा सम्बन्धित सरोकारवाला सबैमा जानकारीको लागि अनुरोध छ ।

२०८३।६।१६

(राजु प्रसाद पौडेल)
सहायक प्रमुख जिल्ला अधिकारी